

# जबरजस्ती करणी (बलात्कार) जघन्य अपराध हो ।

**कसैले कुनै महिलाको मञ्जुरी नलिई यौन सम्बन्ध राखेमा वा मञ्जुरी लिएर पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकासँग यौन सम्बन्ध राखेमा त्यस्तो महिला वा बालिकालाई जवर्जस्ती करणी गरेको मानिनेछ ।**

## कस्तो मञ्जुरीलाई मञ्जुरी मानिने छैन ?

- करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपहरण गरी वा शरीर बन्धक लिई लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन,
- जवर्जस्ती करणी गर्ने व्यक्तिलाई त्यसरी करणी गर्दाको परिस्थिति र महिलाको उमेर हेरी सजायको व्यवस्था गरिएको छ ।
- पतिले पत्नीलाई उसको इच्छा बिपरित यौन सम्बन्ध राखेमा जवरजस्ती करणी गरेको मानिन्छ र सो गरेमा पाँच वर्ष सम्म कैद हुनेछ ।

## जबरजस्ती करणी भएमा हुने थप सजाय हुने अवस्थाहरू

- मानवरोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (एच.आई.भी. पोजिटिभ) भएमा,
- अन्य सरूवा यौनरोग भएको थाहा पाउँदा पाउँदै जवर्जस्ती करणी भएकोमा,
- सामूहिक रूपमा जवर्जस्ती करणी गरेमा वा छ महिनाभन्दा बढीको गर्भवती, अशक्त वा अपाङ्ग वा शारीरिक वा मानसिक रूपमा अस्वस्थ महिलालाई वा हातहतियार देखाई जवर्जस्ती करणी गरेमा
- सात पुस्ता सम्म नाता भएको व्यक्ति हो भन्ने जानीजानी त्यस्तो व्यक्तिसँग करणी गरेमा

## जवरजस्ति करणी कसुरमा कसले, कसरी, कहिले र कहाँ उजुरी दिनुपर्छ ?

- घटना भएको थाहा पाउने जो सुकैले घटना भएको मितिले एक वर्ष भित्र प्रहरी चौकीमा लिखित वा मौखिक उजुरी गर्न सक्नेछ ।

## कस्तो इजलासमा सुनुवाई हुन्छ ?

- यौनसँग सम्बन्धित अपराधको मुद्दाको सुनुवाई बन्द इजलासमा हुन्छ । बन्द इजलास भन्नाले मुद्दासँग सम्बन्धित कानून व्यवसायी, अभियुक्त, पीडित र निजको संरक्षक, अड्डाले अनुमति दिएको प्रहरी र अदालतका सम्बन्धित कर्मचारीमात्र मुद्दाको कारवाही भइरहेको इजलासमा उपस्थित हुन सक्दछन् ।

## कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार

- यौनजन्य आशयले शरीरको कुनै अङ्गमा छोएमा, अश्लिल तथा यौनजन्य क्रियाकलापसँग सम्बन्धित शब्द, चित्र, पत्रपत्रिका, श्रव्य, दृश्य, अन्य सूचना प्रविधि, साधन प्रयोग वा प्रदर्शन गरेमा, लेखेर, बोलेर वा इशाराले अश्लील तथा यौनजन्य आशय प्रदर्शन वा प्रकट गरेमा, यौनजन्य क्रियाकलापको लागि प्रस्ताव गरेमा, यौनजन्य आशयले जिस्काएमा वा हैरानी दिएमा त्यस्ता कार्यलाई यौनजन्य दुर्व्यवहारको कसुर मानेको छ ।
- कसैले कुनै कर्मचारी वा सेवाग्राहीलाई यौनजन्य दुर्व्यवहार गरेमा निजलाई कसूरको प्रकृति हेरी ६ महिनासम्म कैद वा ५० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ ।

## घरेलु हिंसा

- घरेलु सम्बन्ध भएको परिवारका एक सदस्यले सोहि परिवारको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातनालाई घरेलु हिंसा भन्दछन् ।
- घरेलु हिंसा भएको, भैरहेको वा हुन लागेको थाहा पाउने पीडित वा जुनसुकै व्यक्तिले सो सम्बन्धी विवरण खुलाई लिखित वा मौखिक उजुरी दिन सक्दछ ।
- यस्तो कसूर भएमा कसुर गरेको मितिले ९० दिनभित्र उजुरी दिनु पर्ने हुन्छ ।
- घरेलु हिंसा कसूर सम्बन्धी मुद्दाको कारबाही तथा सुनुवाइ बन्द इजलासमा गरिने ब्यवस्था मिलाइएको छ ।
- यसका साथै घरेलु हिंसाका पिडितलाई जिल्ला कानूनी सहायता समितिबाट निशुल्क कानूनी सहायता सेवा उपलब्छ हुन्छ भने जिल्ला अदालतमा बैतनिक वकिलको पनि व्यवस्था गरिएको छ ।

## सहयोगका लागि उजुरि गर्ने निकायहरू :

- प्रहरी कार्यालय : १००
- राष्ट्रिय महिला आयोग
- स्थानीय निकाय
- नगरपालिका/गाउँपालिका, वडा कार्यालय, तथा सम्बन्धित संघ संस्थाहरू

**समस्या परेमा सहजै खबर गर्न सकिने नम्बरहरू**

- लैङ्गिक हिंसा हेल्पलाइन (राष्ट्रिय महिला आयोग) -११४५
- ओरेक हटलाइन -१६६००१७८९१०

ओरेक

बुढानिलकण्ठ नगरपालिका